# लोक सेवा आयोग
## केन्द्रीय कार्यालय
कमलपोखरी, काठमाडौं


### सम्माननीय राष्ट्रपतिसमक्ष लोक सेवा आयोगको सतसट्ठीयौं वार्षिक प्रतिवेदन पेश गरिएको सम्बन्धमा

## प्रेस विज्ञप्ति

लोक सेवा आयोगले नेपालको संविधानको धारा २९४ को उपधारा (१) को व्यवस्था बमोजिम सम्बत् २०८३ भाद्र २५ गते बिहीवारका दिन लोक सेवा आयोगको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष प्रस्तुत गरेको छ। आयोगका तर्फबाट कार्यवाहक अध्यक्ष माधव बेल्बासेले प्रतिवेदन पेश गर्नुका साथै सो प्रतिवेदनमा समावेश भएका मुख्य–मुख्य विषयहरू प्रस्तुत गर्नुभएको छ।

सम्बत् २००८ साल असार १ गते नेपाल पब्लिक सर्भिस कमिशनको नामबाट स्थापना भएको लोक सेवा आयोगले सम्बत् २०१६ सालदेखि हरेक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रप्रमुख समक्ष पेश गर्दै आएको छ। आयोगको यो सतसट्ठीयौँ प्रतिवेदन हो।

यस प्रतिवेदनमा सम्बत् २०८२ साल साउन महिनादेखि २०८३ साल असार मसान्त सम्म आयोगले सम्पादन गरेका काम कारबाही उल्लेख छन्। प्रतिवेदनमा प्रशासनिक र वित्तीय स्थिति, परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम सम्बन्धी भए–गरेका कामहरू, विज्ञापन र दरखास्त सम्बन्धी विवरण, परीक्षा सम्बन्धी विवरण, अन्तर्वार्ता र सिफारिस सम्बन्धी विवरण, समावेशी पदपूर्ति सम्बन्धी विश्लेषणात्मक तालिकाहरू, परामर्श र उजुरी सम्बन्धमा भएका निर्णयहरू, सुरक्षा निकाय तथा संगठित संस्थाको पदपूर्ति सम्बन्धमा आयोगबाट भएका कामहरू, साङ्गठनिक सुधार र नवप्रवर्तनीय कदमहरू, पहिलेका सुझावहरूको कार्यान्वयन स्थिति तथा नेपाल सरकारलाई दिइएका सुझावहरू समेटिएको छ।

वार्षिक प्रतिवेदनमा समेटिएका मुख्य–मुख्य विवरण निम्नानुसार रहेका छन्।

१. आयोगका कामकारबाहीलाई थप प्रभावकारी बनाउने उद्देश्यले विगत लामो समय देखि कार्यान्वयनमा रहेको साबिकको वार्षिक कार्यतालिकामा पुनरावलोकन गरिएको छ। संशोधित कार्यतालिकामा भदौ महिनाको अन्तिम बुधवारदेखि विज्ञापन सुरू गर्ने, एउटै श्रेणीका अप्राविधिक/प्राविधिक सबै पदका विज्ञापन एकै मितिमा गर्ने र सिफारिस सम्मका कामहरू सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरी व्यवस्था मिलाइएको छ।

२. निजामती सेवातर्फ विभिन्न सेवाका १२ वटा पदको पाठ्यक्रम निर्माण एवम् परिमार्जन भएको छ। त्यस्तै गरी सुरक्षा निकायतर्फ १२ वटा र सङ्गठित संस्थाका विभिन्न २९१ वटा पाठ्यक्रमहरू स्वीकृत गरिएको छ।

३. सेवा सञ्चालन गर्ने निकायहरूबाट रिक्त पदपूर्तिका लागि आयोगमा माग भए अनुरूप प्रतिवेदन अवधिमा बढुवा, आन्तरिक प्रतियोगिता र खुला तथा समावेशी तर्फ कुल २,३८३ पदका लागि जम्मा १,२५६ वटा विज्ञापन प्रकाशन गरिएको छ। जसमा बढुवा तर्फ ८४९, आन्तरिक प्रतियोगिता तर्फ २०६, खुला तर्फ ७१८ र समावेशी तर्फ ६१० पद रहेका छन्।

४. आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत कुल ३,८२,९४७ दरखास्त सङ्कलन भएका छन्। जसमा २,००,९३० जना अर्थात् ५२.४७ प्रतिशत महिला र १,८२,०१७ जना अर्थात् ४७.५३ प्रतिशत पुरुष रहेका छन्। विज्ञापित पदसङ्ख्या र सङ्कलित दरखास्तका आधारमा प्रतिपद दरखास्त संख्या २५० रहेको छ। विगत वर्षहरूमा जस्तै यस अवधिमा पनि देशभरका ७७ वटै जिल्लाबाट दरखास्त प्राप्त भएका छन्। जसमध्ये सबैभन्दा बढी दरखास्त पर्ने पाँच जिल्ला क्रमशः सर्लाही, धनुषा, बारा, महोत्तरी र सप्तरी रहेका छन् भने न्यून दरखास्त पर्ने पाँच जिल्लाहरू मनाङ, मुस्ताङ, रसुवा, रूकुम पूर्व र डोल्पा रहेका छन्।

५. यस वर्ष दरखास्त दिने उम्मेदवारहरूको औसत उमेर २७ वर्ष रहेको छ।

६. विभिन्न परीक्षाका लागि प्रतिवेदन अवधिमा कुल १,३८१ सेट परिमार्जित प्रश्नपत्र तयार गरी लिखित परीक्षामा प्रयोगमा ल्याईएको छ। प्रतिवेदन अवधिमा निजामती सेवातर्फ सञ्चालित प्रथम चरणका लिखित परीक्षामा १,०३,२६१ र द्वितीय चरणका मूल परीक्षामा २८,७९८ जना उम्मेदवार सम्मिलित भएका छन्।

७. यस अवधिमा निजामती सेवातर्फ ४,११,४१२ थान, सुरक्षा निकायतर्फ २,४१,४३६ थान, सङ्गठित संस्थातर्फ ३,९७,८३३ र विश्वविद्यालयतर्फ ४४,४९५ गरी कुल ११,९५,१७६ थान उत्तरपुस्तिका सङ्केतीकरण गरी विज्ञहरूबाट परीक्षण गराईएको छ।

८. निजामती सेवा तर्फ १,७९८ जना, सङ्घीय संसद् सेवा तर्फ ३० जना र राष्ट्रिय मानव अधिकार सेवा तर्फ १९ जना गरी कुल १,८४७ जना उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्। सिफारिस महिला ५४९ जना र पुरुष १,२९८ जना रहेका छन्। सबैभन्दा बढी उम्मेदवार सिफारिस भएका पाँच जिल्ला क्रमशः गुल्मी (७१ जना), सर्लाही, धनुषा, स्याङजा र काठमाडौं रहेका छन् भने मनाङ र रसुवा जिल्लाबाट कुनै पनि उम्मेदवार सिफारिस हुन सकेनन्। सबैभन्दा कम उम्मेदवार सिफारिस भएका पाँच जिल्ला क्रमशः तेह्रथुम, दोलखा, डोल्पा, मुस्ताङ र रुकुम पूर्व रहेका छन्।

९. प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारको औसत उमेर २८ वर्ष रहेको छ।

१०. यस अवधिमा विभिन्न छ समावेशी समूहका लागि लक्षित विज्ञापनबाट ७४९ जना उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्। जसमा महिलातर्फ २३८, आदिवासी/जनजातितर्फ २०४, मधेशीतर्फ १७३, दलिततर्फ ६२, अपाङ्गतर्फ ३९ र पिछडिएको क्षेत्रतर्फ ३३ उम्मेदवार सिफारिस भएका छन्। प्रतिवेदन अवधि सहित विगत १९ वर्षमा सबै समावेशी समूहबाट गरी कुल २७,०२३ जना उम्मेदवार सिफारिस भएका छन्।

११. यस अवधिमा सबै समावेशी समूहका उम्मेदवार सम्बन्धित लक्षित विज्ञापन बाहेक अन्य खुला विज्ञापन तर्फका प्रतिस्पर्धामा समेत सिफारिस भएका छन्। महिला र पिछडिएको क्षेत्र लक्षित विज्ञापनबाट भएको सिफारिस सङ्ख्या भन्दा अन्य खुला विज्ञापनमा सिफारिस भएका सो समूहका उम्मेदवारको संख्या अधिक रहेको छ।

१२. पाँच वटा सेवा आयोग, चार वटा सुरक्षा निकाय र ९५ वटा सङ्गठित संस्थाहरूको पदपूर्ति प्रक्रियामा आयोगको प्रतिनिधित्व रहेको छ। प्रतिवेदन अवधिमा विभिन्न निकायका जम्मा २१,९५८ पदको पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने सहमति प्रदान गरिएको छ। गत आर्थिक वर्षमा सहमति प्रदान गरिएका कुल ३६ वटा निकायका विभिन्न विज्ञापनका लागि लिइएका लिखित परीक्षामा सुरक्षा निकायतर्फ ८०.४० प्रतिशत र सङ्गठित संस्थातर्फ ४१.८१ प्रतिशत उम्मेदवारको उपस्थिति रहेको छ।

१३. विभिन्न ४३ वटा निकायका ७१८ विज्ञापनका लागि आयोगबाट सञ्चालित लिखित परीक्षाबाट २१,६८४ उम्मेदवार छनोट गरी अन्तर्वार्ताका लागि सम्बन्धित निकायको पदपूर्ति समितिमा पठाईएको छ।

१४. आयोगबाट यस अवधिमा कर्मचारी सेवा सर्त सम्बन्धी कानूनका विषयमा विभिन्न २३ वटा र विभागीय सजायका विषयमा १५ वटा परामर्श प्रदान गरिएको छ। विभिन्न बढुवा समितिबाट भएका सिफारिस उपर ३६ वटा उजुरी आयोगमा प्राप्त भई कारबाही हुँदा विभिन्न १० वटा बढुवा सिफारिस संशोधन गर्ने गरी निर्णय भएको छ।

१५. आयोगद्वारा सम्पादन भएका कामकारबाहीका विरूद्ध सर्वोच्च अदालतमा ७५, उच्च अदालतमा २४ र प्रशासकीय अदालतमा १८ वटा गरी जम्मा ११७ वटा पुनरावेदन/रिट निवेदन परेका छन्।

मुलुकको सार्वजनिक प्रशासनलाई थप प्रभावकारी, योग्यतामा आधारित र समावेशी बनाउन नीतिगत, संरचनागत र अन्य आवश्यक व्यवस्था गर्न यस प्रतिवेदन मार्फत नेपाल सरकारलाई देहायका विषयमा सुझाव दिईएको छ।

१. तीनवटै तहका सरकार बिच प्रशासनिक सामञ्जस्यता, योग्यता प्रणालीमा एकरूपता र अन्तर–सरकारी गतिशीलता कायम गरी सार्वजनिक प्रशासनलाई प्रभावकारी बनाउने प्रावधान सहित सङ्घीय निजामती सेवा ऐन अविलम्ब जारी गर्न।

२. लक्षित विपन्न तथा सीमान्तकृत समुदायको वास्तविक पहुँच सुनिश्चित गर्न र समूहभित्रै समतामूलक प्रतिस्पर्धा कायम हुने गरी मौजुदा समावेशी समूह, प्रतिशत र मापदण्डको समयसापेक्ष पुनरावलोकन गर्न।

३. सार्वजनिक सेवामा लक्षित वर्गको वास्तविक उपस्थितिको स्पष्ट अवस्था पहिचान गरी तथ्यपरक नीति–आधार तयार गर्न एवं सम्बन्धित समुदायले शासन व्यवस्थामा आफ्नो उपस्थिति अनुभूत गर्न पाउने अवस्था निर्माण गर्नका लागि समावेशी समूहका विज्ञापनबाट सेवा प्रवेश गरेका कर्मचारीहरूको केन्द्रीय एकीकृत अभिलेख खडा गरी अद्यावधिक राख्ने व्यवस्था गर्न।

४. अपाङ्गताको अवस्था र पदको कार्यप्रकृति बिच तालमेल मिलाउँदै योग्य उम्मेदवारको अधिकार र निकायगत आवश्यकता बिच सन्तुलन कायम हुने गरी पदपूर्तिको आधार र मापदण्ड तयार गर्न तथा अपाङ्गता–मैत्री कार्यस्थल र सहायक प्रविधि (Assistive Technology) को कानूनी एवं संरचनागत प्रबन्ध गर्न।

५. सङ्गठित संस्थाहरूमा विद्यमान छुट्टाछुट्टै भर्ना प्रक्रियावाट सिर्जित जटिलता तथा अनावश्यक आर्थिक भार अन्त्य गरी प्रशासनिक दक्षता अभिवृद्धि गर्न र योग्यता प्रणाली सुदृढ बनाउनका लागि लोक सेवा आयोग मार्फत दरखास्तदेखि सिफारिस सम्म एकीकृत पदपूर्तिको प्रबन्धसहित सङ्गठित संस्थाको जनशक्ति व्यवस्थापन सम्बन्धी छाता ऐन तर्जुमा गर्न।

६. प्रतिभा पलायन रोकी सार्वजनिक प्रशासनमा नवप्रवर्तनशील युवाहरूको प्रवेश सुनिश्चित गर्न लोक सेवा आयोग र विश्वविद्यालयहरू बिच समन्वय गरी अभिमुखीकरण, इन्टर्नसिप र नीति निर्माणमा सहभागिता जस्ता प्रतिभा आकर्षण कार्यक्रम सञ्चालन गर्न।

७. विश्वविद्यालयपिच्छे छुट्टाछुट्टै सेवा आयोग रहँदा भईरहेको अनावश्यक प्रशासनिक खर्च हटाई भर्ना प्रक्रियालाई स्वच्छ, निष्पक्ष, विशिष्टीकृत र थप गुणस्तरीय बनाउन एकल विश्वविद्यालय सेवा आयोगको अवधारणा अबिलम्ब कार्यान्वयन गर्न वा सम्पूर्ण पदपूर्तिको जिम्मेवारी लोक सेवा आयोगलाई नै दिने गरी वैधानिक व्यवस्था गर्न।

वार्षिक प्रतिवेदन पेश गर्ने कार्यक्रममा लोक सेवा आयोगका पदाधिकारीहरू, आयोगका सचिव तथा राष्ट्रपति कार्यालयका सचिव तथा अन्य विशिष्ठ महानुभावहरू, सम्वद्ध अन्य कर्मचारी एवम् सञ्चारकर्मीको उपस्थिती रहेको थियो।

**पुरूपोत्तम शर्मा**
सहसचिव/प्रवक्ता

२०८३ भाद्र २५ गते, बिहीवार